नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/५/०७९/८० मिति: २०७९/०८/२८

**इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

## नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ मा संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. नि.नं. ५/०७८ को बुँदा नं. ६ को उप बुँदा ७ (घ) को पहिलो र दोस्रो वाक्यमा संशोधन तथा प्रतिबन्धात्मक वाक्यांश थप । | (घ) तोकिएको सीमा नाघेको हकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ अनुसार हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउदा हर्जाना रकम निम्नानुसार निर्धारण गरिनेछ । | **(घ) तोकिएको सीमा नाघेको हकमा देहायबमोजिम हर्जाना लगाइनेछ ।**<br><br>**तर, २०७९ पुस १ बाट Net Liquid Assets to Total Deposit ratio २२ प्रतिशत वा सो भन्दा बढी भएका बैंक तथा वित्तीय संस्थालाई यस्तो हर्जाना लगाइने छैन ।** |
| २. | इ.प्रा.नि.नं. १५/०७८ को बुँदा नं. ४ को उप बुँदा २ मा संशोधन । | औसत ब्याजदर अन्तर "क" वर्गका वाणिज्य बैंकहरुको हकमा ४.४ प्रतिशत र "ख" र "ग" वर्गका संस्थाको हकमा ५ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गर्नु पर्नेछ । | **२०७९ चैत्र महिनाबाट औसत ब्याजदर अन्तर "क" वर्गका वाणिज्य बैंकहरुको हकमा ४.२ प्रतिशत र "ख" र "ग" वर्गका संस्थाको हकमा ४.८ प्रतिशत भन्दाबढी नहुने व्यवस्था गर्नु पर्नेछ । सो अन्तर २०८० असार महिनाबाट "क" वर्गका वाणिज्य बैंकहरुको हकमा ४.० प्रतिशत र "ख" र "ग" वर्गका संस्थाको हकमा ४.६ प्रतिशत भन्दाबढी नहुने व्यवस्था गर्नु पर्नेछ ।** |
| ३. | इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा ५ थप गरी क.सं. मिलान । | हाल नभएको । | **कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरुले जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई कृषि क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने छ ।** |
| ४. | इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा ६ को (घ) मा संशोधन । | तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा २०७८ पुस मसान्तदेखि गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने । तर, कोभिड-१९ को असरलाई दृष्टिगत गरी यस्तो गणना २०७९ पुस मसान्तदेखि शुरु गरिने छ । | तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा **२०८० पुस मसान्तदेखि** गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने । |
| ५. | इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा १ को (क) मा संशोधन । | (१) न्यूनतम कर्जा प्रवाह :<br>यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैकले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ :<br>(क) २०८२ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ । | (१) न्यूनतम कर्जा प्रवाह :<br>यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैकले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ :<br>(क) **२०८३** असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ । |

# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा।

<table>
<tr>
<td></td>
<td></td>
<td><table><tr><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td></tr><tr><td>११ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१४ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr></table></td>
<td><table><tr><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td><td>२०८३ असार मसान्त</td></tr><tr><td>११ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१४ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr></table></td>
</tr>
<tr>
<td>६.</td>
<td>इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा १ को (ख) मा संशोधन।</td>
<td>(ख) २०८२ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ।<table><tr><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td></tr><tr><td>६ प्रतिशत</td><td>७ प्रतिशत</td><td>८ प्रतिशत</td><td>१० प्रतिशत</td></tr></table></td>
<td>(ख) २०८३ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ।<table><tr><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td><td>२०८३ असार मसान्त</td></tr><tr><td>६ प्रतिशत</td><td>७ प्रतिशत</td><td>८ प्रतिशत</td><td>१० प्रतिशत</td></tr></table></td>
</tr>
<tr>
<td>७.</td>
<td>इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा १ को (ग) मा संशोधन।</td>
<td>(ग) २०८२ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नु पर्नेछ।<table><tr><td>२०७९ असार मसान्त</td><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td></tr><tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr></table>बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकता दिनु पर्नेछ।</td>
<td>(ग) २०८३ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रुपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नु पर्नेछ।<table><tr><td>२०८० असार मसान्त</td><td>२०८१ असार मसान्त</td><td>२०८२ असार मसान्त</td><td>२०८३ असार मसान्त</td></tr><tr><td>११ प्रतिशत</td><td>१२ प्रतिशत</td><td>१३ प्रतिशत</td><td>१५ प्रतिशत</td></tr></table>बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकता दिनु पर्नेछ।</td>
</tr>
<tr>
<td>८.</td>
<td>इ.प्रा.नि.नं. १७/०७८ को बुँदा नं. १७ को उप बुँदा १ को (ङ) मा संशोधन।</td>
<td>(ङ) कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, उर्जा र पर्यटन क्षेत्रमा २०८१ असार मसान्तसम्ममा देहायबमोजिम “ख” वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र “ग” वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ।<table><tr><td></td><td>“ख” वर्ग</td><td>“ग” वर्ग</td></tr><tr><td>२०७८ असार मसान्त</td><td>१६ प्रतिशत</td><td>११ प्रतिशत</td></tr><tr><td>२०७९ असार मसान्त</td><td>१७ प्रतिशत</td><td>१२ प्रतिशत</td></tr></table></td>
<td>(ङ) कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, उर्जा र पर्यटन क्षेत्रमा २०८३ असार मसान्तसम्ममा देहायबमोजिम “ख” वर्गका वित्तीय संस्थाले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र “ग” वर्गका वित्तीय संस्थाले न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ।<table><tr><td></td><td>“ख” वर्ग</td><td>“ग” वर्ग</td></tr><tr><td>२०८० असार मसान्त</td><td>१६ प्रतिशत</td><td>११ प्रतिशत</td></tr><tr><td>२०८१ असार मसान्त</td><td>१७ प्रतिशत</td><td>१२ प्रतिशत</td></tr></table></td>
</tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० असार मसान्त | १९ प्रतिशत | १४ प्रतिशत | २०८२ असार मसान्त | १९ प्रतिशत | १४ प्रतिशत |
| | | २०८१ असार मसान्त | २० प्रतिशत | १५ प्रतिशत | २०८३ असार मसान्त | २० प्रतिशत | १५ प्रतिशत |